# फिदिम नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

### फिदिम, पाँचथर

### १ नं. प्रदेश, नेपाल

# सुरक्षित आप्रवासन कार्यक्रमका लागि
# आवश्यक जनशक्तिहरु करारमा पदपूर्ति गर्ने सम्बन्धमा सूचना

(प्रथम पटक प्रकाशित मिति : २०७९।०८।११)

सुरक्षित आप्रवासन (सामी) कार्यक्रम नेपाल सरकार र स्वीस सरकारबीचको द्विपक्षीय सम्झौताअनुसार सञ्चालित कार्यक्रम हो । यो कार्यक्रम श्रम, रोजगार तथा सामाजिक मन्त्रालय र स्थानीय तहहरुको नेतृत्वमा सञ्चालित छ । सामी कार्यक्रमलाई स्वीस सरकारको तर्फबाट हेल्भेटास नेपालले प्राविधिक सहयोग उपलब्ध गराइरहेको छ । यस सामी कार्यक्रमअन्तर्गत पाँचथर जिल्लामा सुरक्षित वैदेशिक रोजगारसम्बन्धी आप्रवासी स्रोत केन्द्र सञ्चालन गर्न तथा फिदिम नगरपालिकामा वैदेशिक रोजगारसम्बन्धी सचेतीकरणका कार्यक्रमहरु सञ्चालन गर्नका लागि निम्नानुसारको जनशक्तिको आवश्यकता परेको हुनाले योग्य एवं इच्छुक नेपाली नागरिकहरुबाट तपसिलमा उल्लिखित पदहरुका लागि १५(पन्ध्र) दिनभित्र मागबमोजिमका विवरण र राजस्व तिरेको रसिदसहित यस कार्यालयमा आवेदन पेश गर्न यो सूचना प्रकाशन गरिएको छ ।

| क्र.सं. | पद | पद संख्या | न्यूनतम योग्यता तथा अनुभव |
|---|---|---|---|
| १ | कार्यक्रम संयोजक | १ | मानविकी तथा सामाजिक संकाय, व्यवस्थापन, कानुन वा सम्बन्धित अन्य विषयमा कम्तीमा स्नातक तह उत्तीर्ण गरी ५ वर्षको कार्यानुभव, कम्तीमा २ वर्ष अधिकृत वा सोभन्दा माथिको पदमा रही कार्य गरेको अनुभव, सुरक्षित वैदेशिक रोजगारीको क्षेत्रमा काम गरेकोलाई प्राथमिकता दिईनेछ । |
| २ | सामाजिक परिचालन अधिकृत | १ | न्युनतम स्नातक तह उत्तीर्ण गरी २ वर्ष सामाजिक परिचालनको क्षेत्रमा अनुभव भएको । वैदेशिक रोजगारको क्षेत्रमा काम गरेको अनुभव भएको र सामाजिक परिचालन सम्बन्धि तालिम लिएकोलाई प्राथमिकता दिइनेछ । |
| ३ | आप्रवासी स्रोत केन्द्र परामर्शकर्ता | १ | न्युनतम प्रविणता प्रमाण पत्र तह वा १०+२ उत्तीर्ण गरी परामर्श कार्य वा सामाजिक परिचालनको क्षेत्रमा कम्तीमा ३ वर्षको कार्यानुभव भएको । साथै स्थानीय भाषा जानेको, सुरक्षित वैदेशिक रोजगारीको क्षेत्रमा काम गरेको र कानुन विषयमा शैक्षिक योग्यता भएकालाई प्राथमिकता दिइनेछ । |
| ४ | मानोसामाजिक परमर्शकर्ता | १ | **सामी कार्यक्रमअन्तर्गत मनोसामाजिक परामर्शसम्बन्धी ६ महिना तालिमप्राप्त मनोसमाजिक परामर्शकर्ताको सन्दर्भमा :**<br>- कम्तीमा प्रवीणता प्रमाणपत्र तह वा १०+२ वा सो सरह उत्तीर्ण गरी मनोसामाजिक परामर्श सम्बन्धी ६ महिने तालिम लिई सुरक्षित वैदेशिक रोजगारीको क्षेत्रमा काम गरेको ।<br>**नयाँ मनोसामाजिक परामर्शकर्ता भर्ना सम्बन्धी व्यवस्था :**<br>स्वास्थ्य तथा जनसंख्या मन्त्रालयअन्तर्गतको राष्ट्रिय स्वास्थ्य तालिम केन्द्रले विकास गरेको तथा स्वास्थ्य मन्त्रालयले स्वीकृत तालिम पाठ्यक्रमले तोकेको योग्यता भएको हुनुपर्नेछ . जुन निम्नअनुसार छ :<br>- मान्यताप्राप्त शैक्षिक संस्थाबाट हेल्थ असिस्टेन्ट, स्टाफ नर्स वा मान्यता प्राप्त विश्वविद्यालयबाट पब्लिक हेल्थ, मनोविज्ञान, समाजशास्त्र, सोसियल वर्कमा स्नातक तह, बी.एड. स्वास्थ्य शिक्षा, पोष्ट ग्राजुएट डिप्लोमा इन काउन्सिलिङ उत्तीर्ण गरेको ।<br>- मनोसामाजिक परामर्शसम्बन्धी तालिम प्राप्त गरी सोही क्षेत्रमा अनुभव प्राप्त गरेको र महिलालाई विशेष प्राथमिकता दिइनेछ । |
| ५ | वित्तीय साक्षरता सहजकर्ता | १ | न्यूनतम प्रवीणता प्रमाणपत्र तह वा १०+२ उत्तीर्ण, प्रौढ शिक्षा वा वयष्क साक्षरता वा अध्यापनमा २ वर्षको अनुभव भएको, सुरक्षित वैदेशिक रोजगारीको क्षेत्रमा काम गरेकोलाई प्राथमिकता दिइनेछ । |
| ६ | रिटर्नी स्वयंसेवक | १ | न्यूनतम कक्षा १० पास गरी वैदेशिक रोजगार (खाडी मुलुक र मलेसिया) मा गई कम्तीमा १ वर्ष काम गरेको अनुभव भएको । सुरक्षित वैदेशिक रोजगारीको क्षेत्रमा काम गरेकोलाई प्राथमिकता दिइनेछ । |

(१) कार्य अवधि : हाललाई २०८० असार मसान्तसम्म, कार्यक्रमको आवश्यकता तथा कार्यसम्पादन अनुसार नवीकरण हुन सक्नेछ ।

(२) परीक्षाको किसिम : प्रारम्भिक योग्यताक्रमको सूची प्रकाशनपश्चात् लिखित र अन्तर्वार्ता परीक्षा । प्रारम्भिक योग्यताक्रमको सूची प्रकाशन र लिखित/अन्तर्वार्ता परीक्षा फिदिम नगरपालिका सामी परियोजना जनशक्ति छनौट मापदण्ड, २०७९ बमोजिम हुनेछ । रिटर्नी स्वयंसेवकको हकमा भने अन्तर्वार्ता परीक्षा मात्र हुनेछ । सम्बन्धित पदको पाठ्यक्रम फिदिम नगरपालिकाको वेभसाइट www.phidimmun.gov.np मा राखिएको छ ।

(३) आवश्यक कागजातहरु र दरखास्त दिने स्थान : माथि उल्लिखित योग्यता पुगेका इच्छुक नागरिकहरुले फिदिम नगरपालिकाको कार्यालयबाट आवेदन फाराम प्राप्त गरी नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, सम्पर्क व्यक्तिको नाम र सम्पर्क फोन नम्बरसहितको व्यक्तिगत विवरण तथा शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि र पासपोर्ट साइजको ३ प्रति फोटोको साथमा आफूले आवेदन गर्न चाहेको पद प्रष्ट रुपमा भरी पेश गर्नुपर्नेछ । तोकिएको समयभन्दा पछि आएका आवेदनहरुउपर कारबाही गरिनेछैन ।

(४) दरखास्त दिने अन्तिम मिति: २०७९।०८।२५ गतेका दिन कार्यालय समयभित्र बुझाउन सकिनेछ । आवेदन बुझाउने अन्तिम मितिको दिन सार्वजनिक विदा परेमा विदाको भोलिपल्ट निवेदन बुझाउन सकिनेछ ।

(५) आवेदन दस्तुर : कार्यक्रम संयोजक र सामाजिक परिचालन अधिकृतका लागि रु. १,०००।- रिटर्नी स्वयंसेवकका लागि रु. ३००।- र अन्य पदका लागि रु. ५००।-

(६) तलब तथा अन्य सुविधा : कार्यक्रममा भएको बजेट खर्च निर्देशानुसार ।

**फिदिम नगरपालिका**

**नगर कार्यपालिकाको कार्यालय, पाँचथर**